**बैठक संख्याः २०८२/८३-७**

आज मिति २०८२ पुष १३ गते आइतबारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री सुनिता खड्का महिला बालवालिका शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**Google plus –JJ8H+R22 RUKUMKOT**

**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०८२।८३

च.न.

**मिति २०८२/०९/१३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.हिउदे गाउँ अधिबेशन सम्बन्धमा ।

३.नागरिक आरोग्य केन्द्र स्थापना सम्बन्धमा ।

४.संघिय समपुरक अनुदान माग प्रस्ताव पेश गर्ने समबन्धमा ।

५.संघिय विशेष अनुदान माग प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

६.ससस्त्र प्रहरी बल अस्थायी टहरा निर्माणमा आर्थिक सहयोग सम्बन्धमा ।

७.बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा ।

८. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

९.कर्मचारी भर्ना सम्बन्धमा ।

- नागरिक आरोग्य केन्द्रका लागि बैध- १ जना
- म स्वस्थ मेरो समुदाय स्वस्थ कार्यक्रमका लागि जन स्वास्थ्य अधिकृत- १ जना

१०. LISP कार्यक्रम अन्तर्गत बचत भएको बजेट कार्यान्वयन सम्बन्धमा ।

११. विद्यालय समायोजना प्रस्ताव समबन्धमा ।

१२. ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।

१३. सिस्ने गाउँपालिकालाई नगरपालिका प्रस्ताव गर्ने समबन्धमा ।

१४. विविध ।राहत वितरण सम्बन्धमा ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०८/११ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ हिउदे गाउँ अधिबेशन सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँ सभाको १८ औं अधिबेशन (हिउदे अधिबेशन) २०८२ पौष २४ र २५ गते आवहान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ नागरिक आरोग्य केन्द्र स्थापना सम्बन्धमा ।**

**निर्णय नं ३:**

लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२।८३ को शशर्त बजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गत वडा नं ३ को उपयुक्त स्थानमा नागरिक आरोग्य केन्द्र स्थापना गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४ संघिय समपुरक अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ४:**

राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने संघिय समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **प्रस्तावित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | चोकबजार-पाखागाउँ हदै सराखेत ढलनिकास आयोजना | लागत इस्टिमेट अनुसार | क्रमागत |
| २ | सुर्दी देखि भट्टेचौर सम्म सडक निर्माण | लागत इस्टिमेट अनुसार | क्रमागत |
| ३ | रुकुमकोट-धाउने-मोहडाँडा सडक स्तरोन्नति | लागत इस्टिमेट अनुसार | नयाँ |

## प्रस्ताव नं ५ संघिय बिशेष अनुदान योजना माग सम्बन्धमा ।

**निर्णय नं ५:**

राष्ट्रिय योजना आयोगको मिति २०८१।०८।२६ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने संघिय बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राथमिकरण गरी पठाउने निर्णय गरियो ।

| क. सं. | योजना/ कार्यक्रम | प्रस्ताव रकम |
|---|---|---|
| १. | आधारभुत स्वास्थ्य सेवा गुणस्तर अभिबृद्धि कार्यक्रम | लागत इस्टिमेट अनुसार |
| २. | कृषि क्षेत्रको व्यावसायिकरण तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम | लागत इस्टिमेट अनुसार |
| ३. | शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम | लागत इस्टिमेट अनुसार |

## प्रस्ताव नं ६ ससस्त्र प्रहरी बल अस्थायी टहरा निर्माणमा आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं ६:**

ससस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म रुकुम पुर्वी भागको कार्यालय भवन निर्माण नभइ सकेकोले हाल कार्यालय संचालन तथा ब्यारेक संचालनका लागि अस्थायी टहरा निर्माण गर्ने पर्ने भएकोले चालु आ.व. २०८२/८३ को बजेट अन्तर्गत शान्ति सुरक्षा व्यवस्थापन शिर्षकबाट लागत अनुमानका आधारमा खर्च गर्ने गरी रु २ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं ७ बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा ।

**निर्णय नं ७:**

सिस्ने गाउँपालिकाको बाल कल्याण अधिकारीको जिम्मेवारीमा हाल सम्म शिक्षा अधिकृत श्री मंगलसिह बुढा रहदै आएकोमा अब उप्रन्त सहायक महिला विकास अधिकृत श्री सुनिता खड्का लाई जिम्मेवारी दिने निर्णय गरियो ।

## प्रस्ताव नं ८ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णय नं ८:**

सिस्ने गाउँपालिकाको चालु आव २०८२/८३ को शशर्त बजेट तथा कार्यक्रम अनुसार लागत साझेदारीमा आधारित विद्यालय भौतिक पुर्बाधार निर्माण अनुदान शिर्षकमा रु १ करोड ३० लाख विनियोजन भएकोले निर्मित गुरुयोजनाका आधारमा देहायका विद्यालयमा प्रदान गर्ने निर्णय शिक्षा समितिबाट पेश भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।साथै कुल लागतको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक श्रोतबाट बेहोर्ने निर्णय गरियो ।

| सि.न. | विद्यालयको नाम | भवनको प्रकार | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता मावि पोखरा वडा नं ३ | चार कोठे | रु ६५००००० | |
| २ | श्री त्रिभुवन जनता मावि छिप्रिदह वडा नं ६ | चार कोठे | रु ६५००००० | |

**प्रस्ताव नं ९ कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को शशर्त कार्यक्रम अनुसार नागरिक आरोग्य केन्द्र स्थापना गर्नु पर्ने र म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम संचालन गर्नु पर्ने भएकोले देहायका कर्मचारी भर्नाका लागि विज्ञापन तथा छनौट प्रकृया अगाड वढाउने निर्णय गरियो ।

| सि न | कर्मचरीको पद | संख्या | सेवा सुविधा |
|---|---|---|---|
| १ | बैद्य (चौंथो तह) | १ | कार्यक्रम अनुसारको |
| २ | जन स्वास्थ्य अधिकृत | १ | कार्यक्रम अनुसारको |

**प्रस्ताव नं १० LISP कार्यक्रम अन्तर्गत बचत भएको बजेट कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं १०:**

सिस्ने गाउँपालिकामा चालु आर्थिक वर्ष २०८२।८३ मा स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत विनियोजित योजनाहरुको ठेक्का प्रकृयामा हाल सम्म रु १करोड ३४ लाख ३२ हजार रकम बचत हुन गएकोले देहायको योजनामा विनियोजन गरी पुन: ठेक्का प्रकृयामा लैजाने निणय गरियो ।

| सि नं | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १ | तितेखोला-अमलाचौर-धाउने सडक स्तरोन्नति | १ करोड |
| २ | खाराचोक-चोकबजार-बस्नेत टोल-कार्की टोल-रुलीखोला सडक | ३४ लाख ३२ हजार |

**प्रस्ताव नं ११ विद्यालय समायोजन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं ११:**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०८२/०९/०६ को च नं ३९ को पत्र अनुसार नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति बजेट तथा कार्यक्रममा शिक्षक विद्यार्थी संख्या, भौगोलिक दुरी तथा यातायात सुविधाका आधारमा विद्यालय पुन : नक्सान्कन गरी आवश्यकता अनुसार विद्यालय गाभिने नीति अवलम्बन गरिने र त्यस्ता विद्यालयलाई प्रोत्साहन दिइने व्यवस्था रहेको हुदा इच्छुक विद्यालयहरुले सम्बन्धित सरोकारवालाहरु सँग छलफल गरी वडा कार्यालय मार्फत आगामी माघ मसान्त सम्म प्रस्ताव पेश गर्न वडा कार्यालयलाई लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं १२ ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं १२:**

सिस्ने गाउँपालिकाको चालु आव २०८२/८३ मा ठेक्का मार्फत कार्यान्वयन हुने तपशिल बमोजिमका योजनाहरुको प्राविधिक सर्भे गर्दा गाउँपालिकाको विनियोजित बजेट भन्दा बढि रकम लागत अनुमान हुन आएकोले हाललाई सोही अनुसारको लागत अनुमान स्वीकृत गर्ने र विनियोजित बजेट भन्दा बढि भएको रकम गाउँपालिकाको आगामी गाउँ सभाबाट थप गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः

| सि.न. | योजनाको नाम | विनियोजन बजेट | स्वीकृत लागत अनुमान | गापाबाट बेहोर्ने श्रोत |
|---|---|---|---|---|
| १ | कार्यालय भवन निर्माण सिस्ने वडा नं ७ | ७४,००,०००/- | ९८,८३,२९२/०९ | २४,८३,२९२/०९ |

**प्रस्ताव नं १३ सिस्ने गाउँपालिकालाई नगरपालिका प्रस्ताव गर्ने समबन्धमा ।**

**निर्णय नं १३:**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को दफा ५ मा वडाको संख्या सिमाना र केन्द्र निर्धारण सम्बन्धमा व्यवस्था भए बमोजिम सिस्ने गाउँपालिका रुकुम पूर्व जिल्लाको सदरमुकाम रहेको लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला भएकोले उल्लेखित दफा ५ को उपदफा ३ अनुसारका आधारहरु लिइ नगरपालिकामा रुपान्तरण गर्न सान्दर्भिक भएकोले साविक ८ वडा लाई १० वडा मा विस्तार गर्न प्रदेश सरकार समक्ष सिफारीस गरि पठाउने साथै उक्त प्रस्तावित नगरपालिकाको वडा विभाजन तथा केन्द्र देहाय बमोजिम तोक्न सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रशतावित नगरपालिकाको नाम सिस्ने नगरपालिका , नगरपालिका केन्द्रःरुकुमकोट**

प्रशतावित वडा विभाजन

| प्रशतावित वडा नं. | प्रशतावित न.पा.को वडा केन्द्र | वर्गीकरण | |
|---|---|---|---|
| | | साविक वडाहरु | कैफियत |
| १ | पाखापानी | सिस्ने १ | ठूलो सिस्ने,पाखापानी,दमारगाउँ,ओखेना, |

| | | | |
|---|---|---|---|
| | | | लामपाखा (साविकको वडा नं.५ ,६,७,८ र ९ ) |
| २ | भट्टेचौर | | भट्टेचौर, सल्ली विसाउना भङ तिखेजुर रतुवामारे (साविकको वडा नं. १ ,२ ,३ र ४) |
| ३ | नायगाड | सिस्ने २ | सुद्री दत्तकुना कुचिवाङ तुवाङ नायगाड तिपतरा मोरावाङ तुवाङखोला पूर्वी भाग |
| ४ | खरीवोट | | लैपा, प्वाङ, वागार, किंदा, छिपखोला-तुवाङखोला पश्चिम भाग) |
| ९ | पोखरा | सिस्ने ३ | |
| १० | दादीङ सतिपोले | सिस्ने ४ | |
| ५ | बाहुन्ठाना | सिस्ने ५ | |
| ६ | छिप्रीदह | सिस्ने ६ | |
| ७ | सानचौर | सिस्ने ७ | |
| ८ | धपे | सिस्ने ८ | |

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को गाउँपालिका तथा नगरपालिकाको संख्या सिमाना तथा केन्द्र सम्बन्धमा दफा ८ मा व्यवस्था भएवमोजिम हुनलाइ आवश्य सूचकहरु सिस्ने गाउँपालिकाले पुरा गरेकोले प्रदेश सरकार समक्ष सिफारीस गर्ने प्रयोजनका निमित्त मिति २०८२ पौषमा हुने गाउँपालिकाको नवौं सभामा पेश निर्णय गरियो ।

**प्रस्ताव नं १४ राहत वितरण गर्ने समबन्धमा ।**

**निर्णय नं १४:**

विगत आव २०८१/८२ देखि हावाहुरी लगायतको विपदका कारण गाउँपालिकाका विभिन्न स्थानहरुमा भएको ठुलो मात्रमा क्षेति भएको र गाउँपालकाबाट राहत वितरणको काम नभएको भन्ने गुनासो बारम्बार आइरहेकोले विपन्न परिवारको सामान्य जनजिवन सहजताको लागि खाद्यान्न सामाग्री खरिद गरि वितरण गर्ने निर्णय गरियो ।